# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

## खुल्ला तथा समावेशी पदपूर्ति सम्बन्धी सूचना नं १/२०७९-०८०

**प्रथम पटक प्रकाशित मितिः २०८०/०१/१५**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक, प्राविधिक र प्रशासन सेवा तर्फका विभिन्न रिक्त पदहरूको लागि लोक सेवा आयोगबाट प्राप्त सहमति अनुसार निम्न लिखित पदहरूमा खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले अधिकृत पदको लागि २१ (एक्काइस) वर्ष तथा सहायक पदको लागि १८ (अठार) वर्ष उमेर पूरा भएका र प्राज्ञिक सेवा तर्फ सहायक प्राध्यापक पदको लागि ४२ वर्ष, सह-प्राध्यापक पदको लागि ४५ वर्ष, प्राध्यापक पदका लागि ५० वर्ष, प्राविधिक सेवा तर्फ ४० वर्ष, प्रशासन सेवा तर्फ ३५ वर्ष उमेर ननाघेका योग्य नेपाली नागरिकहरूबाट मिति २०८०/०१/१५ गते देखि मिति २०८०/०२/०४ गते सम्म र दोब्बर दस्तुर भुक्तानी गरी मिति २०८०/०२/११ गते सम्ममा रितपूर्वक अनलाईन दरखास्त आव्हान गरिन्छ। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बहालवाला स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन। तोकिएको म्याद भित्र अनलाईन अपलोड नभएको र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन। भूठो विवरण उल्लेख गरेको पाईएमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनुपर्नेछ। दरखास्त पेश गर्ने अन्तिम मिति २०८०/०२/०४ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुने छैन।

अनलाईन दरखास्तको साथमा निम्न लिखित कागजातहरूको स्पष्ट बुझिने Scan Copy अनलाईन मार्फत नै अपलोड गर्नुपर्नेछ।

- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाण-पत्र।
- विज्ञापित पद/तहको लागि प्रवेशिका र सो देखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र।
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र।
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक हुने पदहरूको हकमा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्र।
- आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात
- मधेसीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराईएको कागजात।
- दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराईएको कागजात।
- अपाङ्गका हकमाः समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गिकरण उल्लेख गरी सम्बन्धित स्थानिय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।
- पिछडिएको क्षेत्रका हकमाः निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा संघिय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानिय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा।
  स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यन्त्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा संघिय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा विवाह गरी वा बसाईसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईसराईको हकमा छाडेको र गएको स्थानिय तह/निकायको बसाईसराई गरेको खुल्ने कागजात।
- समावेशी तर्फ प्रत्येक थप समुहको आवेदनमा थप शुल्क लाग्नेछ (क) तह १० को लागि रु ५००/- (ख) तह ९ 'ख' को लागि रु ४५०/- (ग) तह ७ को लागि रु ४००/- (घ) तह ५ को लागि रु ३००/- लाग्नेछ।
- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साईजको फोटो
- उम्मेदवारको दस्तखतको डिजिटल (image/jpg/jpeg/png) कपी अपलोड गर्ने
- लिखित परीक्षा दस्तुर भुक्तानीको लागि दरखास्तको Apply Tab भित्र गई connect IPS मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ।
- परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता
- लिखित परीक्षा लोक सेवा आयोगले लिनेछ।
- सम्वन्धित पद/बिषयको पाठ्यक्रम प्रतिष्ठानको वेवसाइट https://www.pahs.edu.np बाट डाउनलोड गर्न सकिनेछ।
- अनलाईन आवेदनको लागि वेवसाइट https://www.pahs.edu.np खुला तथा समावेशीको Link मा गई दरखास्त पेश गर्न सकिनेछ।
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) को नियम १८ बमोजिम उम्मेवार हुन अयोग्य उम्मेदवारहरूले दरखास्त पेश गर्न पाउने छैन।
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ।
- लिखित परीक्षा हुने मिति तथा परीक्षाकेन्द्र बारे विस्तृत जानकारी एवं सम्पर्क मिति सेवा आयोगको वेवसाइट www.pahs.edu.np मा प्रकाशित गरिनेछ।

| क्र.सं | विज्ञापन नम्बर | पदको नाम | सेवा | समूह | उपसमूह | तह | माग पद संख्या | खुल्ला | समावेशी तर्फ | | | | | | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | | |
| १ | १/२०७९-०८० | प्राध्यापक | प्राज्ञिक | रेडियोलोजी | | ११ | १ | १ | | | | | | | ३००० | स्नातकोत्तर |
| २ | २/२०७९-०८० | प्राध्यापक | प्राज्ञिक | विकृति विज्ञान | | ११ | १ | १ | | | | | | | ३००० | स्नातकोत्तर |
| ३ | ३/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | रेडियोलोजी | | १० | १ | १ | | | | | | | २५०० | स्नातकोत्तर |
| ४ | ४/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | आँखा रोग | Vitro-Retina Surgery | १० | १ | १ | | | | | | | २५०० | स्नातकोत्तर गरी Fellowship in Vitro-Retina Surgery |
| ५ | ५/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | दन्त चिकित्सा | Maxillo-Facial | १० | १ | | १ | | | | | | २५०० | स्नातकोत्तर / Maxillo-Facial |
| ६ | ६-७/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | Respiratory and Critical Care | ९ख | ३ | २ | १ | | | | | | २२५० | स्नातकोत्तर गरी DM/Fellowship in Respiratory and Critical Care |
| ७ | ८/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | Neurology | ९ख | १ | १ | | | | | | | २२५० | स्नातकोत्तर गरी DM/Fellowship in Neurology |
| ८ | ९/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | Interventional Cardiology | ९ख | १ | १ | | | | | | | २२५० | स्नातकोत्तर गरी DM/Fellowship in Interventional Cardiology |
| ९ | १०–११/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | | ९ख | २ | १ | १ | | | | | | २२५० | स्नातकोत्तर |
| १० | १२–१४/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | हाड जोर्नी रोग | | ९ख | ३ | १ | १ पुनः | १ | | | | | २२५० | स्नातकोत्तर |
| ११ | १५/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | बाल चिकित्सा | | ९ख | १ | १ | | | | | | | २२५० | स्नातकोत्तर |
| १२ | १६/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | बाल चिकित्सा | Nephrology | ९ख | १ | १ | | | | | | | २२५० | स्नातकोत्तर गरी DM/Fellowship in Nephrology |
| १३ | १७/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | बाल चिकित्सा | Cardiology | ९ख | १ | १ | | | | | | | २२५० | स्नातकोत्तर गरी DM/Fellowship in Cardiology |
| १४ | १८–१९/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | एनेस्थेसिया | | ९ख | २ | १ | १ | | | | | | २२५० | स्नातकोत्तर |
| १५ | २०–२२/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | रेडियोलोजी | | ९ख | ४ | २ | | १ पुनः | १ | | | | २२५० | स्नातकोत्तर |
| १६ | २३/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | चर्म तथा यौन रोग | | ९ख | १ | | १ | | | | | | २२५० | स्नातकोत्तर |
| १७ | २४–२६/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | समुदाय स्वास्थ्य विज्ञान विभाग | | ९ख | ३ | १ | १ पुनः | १ | | | | | २२५० | MBBS/BDS गरी MD in Community Health Sciences वा MPH |
| १८ | २७–२८/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | शरीर रचना | | ९ख | २ | १ | १ | | | | | | २२५० | MBBS/BDS गरी स्नातकोत्तर |
| १९ | २९/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | शरीर कृया | | ९ख | १ | | १ पुनः | | | | | | २२५० | MBBS/BDS गरी स्नातकोत्तर |
| २० | ३०–३१/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | विकृति विज्ञान | | ९ख | २ | १ | | १ | | | | | २२५० | स्नातकोत्तर |
| २१ | ३२/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | औषधि विज्ञान | | ९ख | १ | | १ पुनः | | | | | | २२५० | MBBS/BDS गरी स्नातकोत्तर |
| २२ | ३३/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | आँखा रोग | | ९ख | १ | १ | | | | | | | २२५० | स्नातकोत्तर |
| २३ | ३४/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | शल्यचिकित्सा | | ९ख | १ | | १ पुनः | | | | | | २२५० | स्नातकोत्तर |
| २४ | ३५-३६/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | आकस्मिक तथा बहिरंग | Emergency Medicine | ९ख | २ | | १ पुनः | १ | | | | | २२५० | स्नातकोत्तर गरी Emergency Medicine मा Fellowship |
| २५ | ३७/२०७९-०८० | सहायक प्राध्यापक | प्राज्ञिक | नर्सिङ्ग | Community Midwifery | ९ख | १ | १ | | | | | | | २२५० | MN in Advanced Women Health/ Midwifery |
| २६ | ३८/२०७९-०८० | लेक्चरर | प्राज्ञिक | नर्सिङ्ग | Community Midwifery | ९क | १ | १ | | | | | | | २२५० | MN in Advanced Women Health/ Midwifery |
| २७ | ३९/२०७९-०८० | लेक्चरर | प्राज्ञिक | नर्सिङ्ग | Psychiatry | ९क | १ | १ | | | | | | | २२५० | MN in Psychiatry |
| २८ | ४०/२०७९-०८० | लेक्चरर | प्राज्ञिक | नर्सिङ्ग | Hospital Midwifery | ९क | १ | १ | | | | | | | २२५० | MN in Advanced Women Health/ Midwifery |
| २९ | ४१/२०७९-०८० | लेक्चरर | प्राज्ञिक | नर्सिङ्ग | Adult Health | ९क | १ | १ | | | | | | | २२५० | MN in Adult Health / Medical Surgical |
| ३० | ४२/२०७९-०८० | लेक्चरर | प्राज्ञिक | नर्सिङ्ग | Community Health Nursing | ९क | १ | १ | | | | | | | २२५० | MN in Community Health Nursing |
| ३१ | ४३/२०७९-०८० | नसिङ्ग सुपरभाइजर | प्राविधिक | नसिङ्ग | | ९क | १ | १ | | | | | | | २२५० | स्नातकोत्तर / सम्बन्धित सेवा समुह र उपसमुहको एक तह मुनिको पदमा वा अधिकृत स्तरको पदमा कम्तीमा चार बर्ष सेवा अवधि पुरा भएको |
| ३२ | ४४–४६/२०७९-०८० | नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ७ | ३ | १ | | १ | १ | | | | २००० | स्नातक |
| ३३ | ४७–४८/२०७९-०८० | ल्याव टेक्नोलोजिष्ट | प्राविधिक | ल्याव | | ७ | २ | १ | १ | | | | | | २००० | स्नातक |
| ३४ | ४९/२०७९-०८० | फिजियोथेरापी टेक्नोलोजिष्ट | प्राविधिक | फिजियोथेरापी | | ७ | १ | १ | | | | | | | २००० | स्नातक |
| ३५ | ५०/२०७९-०८० | अडियोलोजिष्ट | प्राविधिक | नाक, कान, घाँटी | | ७ | १ | १ | | | | | | | २००० | स्नातक |
| ३६ | ५१/२०७९-०८० | अप्टोमेष्टिक | प्राविधिक | आँखा रोग | | ७ | १ | १ | | | | | | | २००० | स्नातक |
| ३७ | ५२–५३/२०७९-०८० | रेडियोलोजी टेक्नोलोजिष्ट | प्राविधिक | रेडियोलोजी | | ७ | २ | १ | १ | | | | | | २००० | स्नातक |
| ३८ | ५४/२०७९-०८० | वायोमेड ईन्जिनियर | प्राविधिक | वायोमेड | | ७ | १ | १ | | | | | | | २००० | स्नातक |
| ३९ | ५५/२०७९-०८० | पोषण अधिकृत | प्राविधिक | पोषण | | ७ | १ | १ | | | | | | | २००० | स्नातक तह न्यूट्रिसन एण्ड डाईटेटिक्स |
| ४० | ५६–५८/२०७९-०८० | रेडियोलोजी टेक्निसियन | प्राविधिक | रेडियोलोजी | | ५ | ४ | २ | | १ | १ | | | | १५०० | प्रमाणपत्र वा सो सरह |
| ४१ | ५९–६१/२०७९-०८० | ल्याव टेक्निसियन | प्राविधिक | ल्याव | | ५ | ४ | २ | | १ | १ | | | | १५०० | प्रमाणपत्र वा सो सरह |
| ४२ | ६२–६४/२०७९-०८० | फार्मेसी टेक्निसियन | प्राविधिक | फार्मेसी | | ५ | ३ | १ | १ | १ | | | | | १५०० | प्रमाणपत्र वा सो सरह |
| ४३ | ६५–६६/२०७९-०८० | फिजियोथेरापी टेक्निसियन | प्राविधिक | फिजियोथेरापी | | ५ | २ | १ | १ | | | | | | १५०० | प्रमाणपत्र वा सो सरह |
| ४४ | ६७–७३/२०७९-०८० | स्टाफ नर्स | प्राविधिक | नर्सिङ्ग | | ५ | ५९ | ३२ | ९ | ७ | ६ | ३ | १ | १ | १५०० | प्रमाणपत्र वा सो सरह |
| ४५ | ७४–७५/२०७९-०८० | अप्थ्याल्मिक असिष्टेन्ट | प्राविधिक | आँखा रोग | | ५ | २ | १ | १ | | | | | | १५०० | प्रमाणपत्र वा सो सरह |
| ४६ | ७६–७७/२०७९-०८० | पोषण टेक्निसियन | प्राविधिक | पोषण | | ५ | २ | १ | १ | | | | | | १५०० | प्रमाणपत्र वा सो सरह गरी न्यूट्रिसन एण्ड डाईटेटिक्समा डिप्लोमा |
| ४७ | ७८–७९/२०७९-०८० | जुनियर प्रशासन सहायक | प्रशासन | सामान्य प्रशासन | | ५ | २ | १ | १ | | | | | | १५०० | प्रमाणपत्र वा सो सरह |

**आवश्यक थप योग्यता :** (पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) को नियम १७ सँग सम्बन्धित अनुसूचि २ (ग) बमोजिम)

**प्राध्यापकः-** (क) कम्तीमा पाँच वर्षसम्म सह-प्राध्यापक भई काम गरेको, (ख) सम्बन्धित बिषयमा कम्तीमा पाँचवटा लेख Peer Reviewed Journal मा प्रकाशन गरेको जसमा सह-प्राध्यापक भई कम्तीमा चार वटा प्रकाशनमा मुख्य लेखकको रूपमा रहेको, (ग) सह-प्राध्यापक पदमा स्तरीय शिक्षण गरी प्राज्ञिक एवं प्राज्ञिक एवं व्यवसायिक नेतृत्व निर्वाह गरेको, (घ) कुशल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक तथा/वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको।

**सह-प्राध्यापकः-** (क) कम्तीमा चार वर्षसम्म सहायक प्राध्यापक भई काम गरेको, (ख) सम्वन्धित बिषयमा कम्तीमा चारवटा लेख Peer Reviewed Journal मा प्रकाशन गरेको जसमा सहायक प्राध्यापक भई कम्तीमा तीन प्रकाशनमा मुख्य लेखकको रूपमा रहेको। (ग) सहायक प्राध्यापक पदमा कार्य गर्दा अध्यापन सीप तथा नेतृत्व क्षमतामा उच्च मूल्याङ्कन रहेको, (घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको।

**सहायक प्राध्यापकः-** (क) सम्बन्धित फिल्डमा कम्तीमा दुई वर्षको अनुभव प्राप्त, (ख) सम्वन्धित बिषयमा कम्तीमा दुईवटा लेख Peer Reviewed Journal मा प्रकाशन गरेको जसमा एक प्रकाशनमा मुख्य लेखकको रूपमा भएको।

**लेक्चररः-** सम्बन्धित सेवा, समुह र उपसमुहको एक तह मुनिको पदमा वा अधिकृत स्तरको पदमा कम्तीमा चार वर्ष सेवा अवधि पुरा भएको।

**अन्य बिषयः-** सूचनामा स्पष्ट नभएका बिषय प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) बमोजिम हुनेछ। विज्ञापन सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा सेवा आयोगको फोन नं ०१५५५५३५२ साथै प्रतिष्ठानको फोन नं ०१५५४५११२/०१५५४५१५२ बाट सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**सचिव**